# गौरीगञ्ज राजपत्र

## गौरीगञ्ज गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ संख्या : २ मिति : ३१ असार, २०८१ साल

गौरीगञ्ज गाउँपालिका

**भाग- १**

**गौरीगञ्ज गाउँपालिकाको सूचना**

**गौरीगञ्ज गाउँपालिकाले बनाएको**

**तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**सम्बत् २०८१ सालको ऐन नं. २**

# गौरीगञ्ज गाउँपालिकाको विनियोजन ऐन, २०८१

**(गाउँसभाबाट स्वीकृत मिति : २०८१/०३/१६)**

**प्रस्तावनाः**

गौरीगञ्ज गाउँपालिकाको आर्थिक बर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम गौरीगञ्ज गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यस ऐनको नाम "गौरीगञ्ज गाउँपालिकाको विनियोजन ऐन, २०८१ रहेको छ ।

(२) यो ऐन सभाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष : २०८१/२०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकमसमेत गरी जम्मा रकम **रु. ५०,६४,४२,४२६।-** (अक्षेरुपी पचास करोड चौसट्ठी लाख बयालीस हजार चार सय छब्बीस रुपैयाँ) मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/२०८२ को निमित्त गौरीगञ्ज गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची- १

(ऐनको दफा २ सँग सम्बन्धित)

| सि.नं. | अनुदान संख्या | शीर्षकको नाम | चालु तथा पूजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| १ | | गाउँपालिका | | | |
| २ | | वडा समिति | ५०,६४,४२,४२६।- | - | ५०,६४,४२,४२६।- |
| ३ | | विषयगत शाखा | | | |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | - | - | - |
| ५ | | लगानी (शेयर/ऋण) | - | - | - |
| | **जम्मा** | | **५०,६४,४२,४२६।-** | **-** | **५०,६४,४२,४२६।-** |

आज्ञाले,
खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत